गढवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय,दाङ्ग
# कृषि विकास शाखा
गढवा, दाङ
लुम्बिनी प्रदेश

पत्र संख्या :२०७७।०७८
चलानी नं.

मिती : २०७७।१२।१८गते

## सूचना !!! सूचना !!! सूचना !!!

प्रस्तुत विषयमा यस गढवा गाउँपालिका कृषि विकास शाखाको आ.व.२०७७/०७८ मा स्वीकृत कृषि विकास कार्यक्रम अनुसार तेस्रो चौमासिकमा सन्चालन गरिने **साना सिचाई विशेष कार्यक्रम** यस गढवा गाउँपालिका अन्र्तगतका इच्छुक कृषक समुह /कृषि सहकारी / कृषि फर्महरुलाई **८५ प्रतिशत सम्मको अनुदान सहयोग उपलब्ध र उपभोक्ताबाट इष्टिमेटको कम्तिमा १५ प्रतिशतको रकम वा जिन्सी वा श्रमदान वा तिनै थरीको सहयोग योगदान स्वरुप उपलब्ध गराई निर्माण गर्नको लागि** मिती २०७८ ।०१।०२ गते भित्र गढवा गा.पा. कृषि विकास शाखामा आयोजना प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रस्तावनाका साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु

१. कृषक समूह/कृषि सहकारी/कृषि फर्मको दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
२. कृषक समूह/कृषि सहकारी/कृषि फर्महरु यस कृषि विकास शाखा गढवा दाङमा दर्ता गरेको १ वर्ष पूरा भएको हुनुपर्नेछ ।
३. कृषक समूह/कृषि सहकारी/कृषि फर्मको कार्यक्रम माग सम्वन्धि बैठक वसेको निर्णय प्रतिलिपि ।
४.आयोजना (स्किम) को अनुमानित लागत र निवेदन संस्था/समूहले व्यहोंने रकम प्रतिशत निवेदनमा खुलाउनु पर्नेछ ।
५. निवेदन फाराम गढवा गा.पा. कृषि विकास शाखावाट प्राप्त हुनेछ । र फाराममा उल्लेख भएका सम्पूर्ण विवरण भरी पेश गर्नु पर्नेछ ।
६. सम्बन्धित वडा कार्यालयको सिफारिस संलग्न हुनुपर्नेछ ।
७ राजश्व वापत फिर्ता नहुने गरी प्रति आयोजना रु.१००। का दरले राजश्व दस्तुर जम्मा गर्नु पर्नेछ ।
८. जग्गाको लालपूर्जा वा जग्गा भाडा लिएको कम्तीमा १० वर्षे सम्झौता पत्र र नागरीकता प्रतिलिपी ।
९. थप जानकारीको लागि गढवा गाउँपालिका कृषि विकास शाखा कार्यालय, गढवामा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

कर्ताराम यादव (कृषि शाखा प्रमुख) सम्पर्क नं.९८५८०५१३३० र हेमराज पुन सम्पर्क नं.९८६४५७४३६२

नोट : गत आ.व. २०७५।०७६ मा सिचाई सुविधा प्राप्त गरेका तथा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मकै सुपरजोनबाट सिचाई सुविधा अनुदान प्राप्त कृषक समूह/कृषि सहकारी/कृषि फर्महरुले यस कार्यक्रममा सहभागी हुन पाइने छैन ।

कर्ताराम यादव
कृषि शाखा प्रमुख

लालबहादुर योगी
प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

## कृषि विकास शाखा

गढवा, दाङ

लुम्बिनी प्रदेश, नेपाल

प.स:०७७।०७८
च.न:

मिति :२०७७।१२।१८गते

**सूचना !** **सूचना!!** **सूचना!!!**

प्रस्तुत विषयमा यस गढवा गाउँपालिका कृषि विकास शाखाको आ.व.२०७७।०७८ को वार्षिक स्वीकृत कृषि विकास कार्यक्रम अनुसार तेस्रो चौमासिकमा सञ्चालन गरिने **पालिका स्तरीय वीउविजन आत्मनिर्भर कार्यक्रम** ५० प्रतिशत अनुदान कार्यक्रम रहेकाले यस गढवा गाउँपालिका अर्न्तगतका इच्छुक कृषक समुह,कृषि सहकारी र कृषि फर्महरुले प्रकाशित सूचना मितिको दिनले मिति २०७८।०१।०२ गते भित्र गढवा गाउँपालिका कृषि विकास शाखामा रित पूर्वक प्रस्ताव पेश गर्नको लागी यो सूचना प्रकाशित गरिएको छ ।

प्रस्तावनाका साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु

| क्र.स | कार्यक्रम नाम | आवश्यक कागजात | कार्यक्रमको माप दण्ड | कार्यक्रम संख्या |
|---|---|---|---|---|
| १ | पालिका स्तरिय विउ विजन आत्म निर्भर कार्यक्रम धान/ मकै | • निवेदन (अनुसूचि १ अनुसार)<br>• कृषि फर्म/समुह / सहकारी दर्ताको नविकरण भएको प्रमाण पत्र<br>• जग्गा लालपूर्जा प्रतिलिपि वा कम्तीमा ५ वर्षको संभौता पत्र<br>• कृषि सहकारी /समुहको निर्णय<br>• वडा कार्यालयको सिफरिस<br>• कार्ययोजना सहित प्रस्तावना (अनुसुचि ३ बमोजिम)<br>• विउ विजन उत्पादन इजाजत पत्र | • कम्तीमा ५ हे. जग्गा मा खाद्यान्न बालीको मूल वीउ को खेती गरेको हुनु पर्ने<br>• एउटै कोरीडोरमा जग्गा भएको र प्राविधिक मापडण्ड पालना गर्नु पर्ने<br>• विउ उत्पादन इजाजत पत्र लिएको हुनुपर्ने<br>(नोट :पालिका स्तरीय विउविजन आत्म निर्भर कार्यक्रमको आवेदन दिने समय १५ दिन भित्र ) | १ वटा (प्रति प्रस्ताव ५०००००।पाँच लाख) |

कर्ताराम यादव
कृषि शाखा प्रमुख

लालबहादुर रोका
प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय,दाङ्ग
# कृषि विकास शाखा
गढवा, दाङ

लुम्बिनी प्रदेश

पत्र संख्या नं: २०७७।०७८
चलानी नं:

मिती : २०७७।१२।१८गते

## विद्युतिय पानी तान्ने मोटर माग सम्बन्धि सूचना ।

सूचना !!! सूचना !!! सूचना !!!

प्रस्तुत विषयमा यस गढवा गाउँपालिका कृषि विकास शाखाको आ.व.२०७७/०७८ मा स्वीकृत कृषि विकास कार्यक्रम अनुसार तेस्रो चौमासिकमा सन्चालन गरिने साना सिचाई विशेष कार्यक्रमको **विद्युतिय मोटर ५० प्रतिशत अनुदानमा वितरण कार्यक्रम** रहेकाले यस गढवा गाउँपालिका अर्न्तगतका इच्छुक कृषक,समुह, फर्म र सहकारीहरुले मिति २०७८ ।०१। ०२गते भित्रे गढवा गा.पा. कृषि विकास शाखामा रित पूर्वक निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रस्तावनाका साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु

१. सम्बन्धित वडा कार्यालयको सिफारिस संलग्न हुनुपर्नेछ ।

२. राजश्व वापत फिर्ता नहुने गरी प्रति आयोजना रु.१००। का दरले राजश्व दस्तुर जम्मा गर्नु पर्नेछ ।

३. जग्गाको लालपूर्जा वा जग्गा भाडा लिएको कम्तीमा १० वर्षे सम्झौता पत्र र नागरीकता प्रतिलिपी ।

४. साना सिचाईबाट सुविधा प्राप्त गर्ने सेवा ग्राहीलाई समावेश गरिने छैन ।

५. फर्मको हकमा प्रमाण पत्र र समुह , सहकारीको हकमा प्रमाण पत्र र निर्णयको प्रतिलिपी ।

६. थप जानकारीको लागि गढवा गाउँपालिका कृषि विकास शाखा कार्यालय, गढवामा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ । कर्ताराम यादव (कृषि शाखा प्रमुख) सम्पर्क नं.९८५८०५१३३० र हेमराज पुन सम्पर्क नं.९८६४५७४३६२

नोट : गत आ.व. २०७६।०७७ मा सिचाई सुविधा प्राप्त गरेका तथा कुनै संघ संस्था र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मकै सुपरजोनबाट सिचाई सुविधा वा मोटर अनुदान प्राप्त कृषक समूह/कृषि सहकारी/कृषि फर्महरुले यस कार्यक्रममा सहभागी हुन पाइने छैन ।

........................
कर्ताराम यादव
कृषि शाखा प्रमुख

........................
लाल बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत